नेपाल धितोपत्र बोर्ड बाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचचेन्ज लिमिटेड (नेप्से) ले आज मिति २०७५/०७/२० गते मंगलबारदेखि पूर्ण स्वचालित अनलाईन कारोबार प्रणाली सुरु गरेको छ । उक्त प्रणालीको माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले समुद्घाटन गर्नुभयो ।

समुद्घाटन कार्यक्रममा माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले आधुनिक प्रविधिको प्रयोगसँगै नेपालको पुँजी बजार नयाँ चरणमा प्रवेश गरेको बताउनुभयो । 'विकसित पुँजी बजारका लागि प्रविधि एउटा पक्ष हो यससँगै नीतिगत सुधार, संस्थागत संरचनाहरुको विकास, कारोबारयोग्य वित्तीय उपकरणहरुको विकास तथा बजार सहभागीको दायरा फैलाउँदै लैजानुपर्छ,' उहाँले भन्नुभयो । नेप्सेले अनलाईन प्रणाली सञ्चालनमा ल्याएर नयाँ थालनी गरेको बताउँदै उहाँले यसलाई थप परिमार्जित गर्दै लैजान निर्देशन समेत दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री शिवराज श्रेष्ठले नेप्सेको संस्थापक सेयरधनी रहेको नेपाल राष्ट्र बैंकले आफ्नो नियमनकारी भूमिकालाई ध्यानमा राख्दै नेप्सेमा रहेको आफ्नो लगानी कम गर्दै लैजान लागेको जानकारी दिनुभयो । 'नेप्सेको सेयर विनिवेश गरे पनि केन्द्रीय बैंकको रुपमा हामी पुँजी बजारको विकासमा सधैं सक्रिय सहभागी रहने छौं,' उहाँले भन्नुभयो ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) का अध्यक्ष डा. रेवत बहादुर कार्कीले पुँजी बजार नियामकको रुपमा नेप्सेको अनलाइन प्रणाली उद्घाटन कार्यक्रममा सहभागी हुने अवसर पाउँदा गौरवान्वित भएको बताउनुभयो । उहाँले नेप्से र सेबोन दुवै पुँजी बजार सम्बन्धी अन्तर्राष्ट्रिय संगठनका सदस्य भएकाले नेपालको पुँजी बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सञ्चालन गर्न थप कार्य गर्नुपर्ने धारणा राख्नुभयो । यसैगरी नेप्सेलाई अनलाइन कारोबार प्रणाली थालनी गरेकोमा शुभकामना प्रदान गर्दै बिमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाईंले आगामी दिनमा यो प्रणाली अझै परिमार्जित हुँदै जाने अपेक्षा गर्नुभयो ।

नेप्से सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण न्यौपानेको सभापतित्वमा सम्पन्न भएको उद्घाटन कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रसिंह साउदले स्वागत मन्तव्य राख्नु भएको थियो । स्वागत मन्तव्यका क्रममा उहाँले नेप्सेले सञ्चालनमा ल्याएको पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली जनअपेक्षा तथा प्राविधिक विकासलाई आत्मसात गर्दै अघि बढ्नु पर्ने क्रममा आएको बताउनुभयो । 'यो प्रणाली नेपालको पुँजी बजारमा नयाँ कोशेढुंगा हुनेछ,' उहाँले भन्नुभयो ।

मिति : २०७५/०७/२०

मुराहरि पराजुली

प्रवक्ता